नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्या:-
चलानी नं.:-

मिति: २०८२।०१।३०

## प्रेस विज्ञप्ति

नेपाल शिक्षक महासङ्घको आह्वानमा विभिन्न मागहरु राखी २०८१ चैत्र महिनामा सञ्चालन गरिएको काठमाडौं केन्द्रित पेशागत आन्दोलनका कारण सामुदायिक विद्यालयका विद्यार्थी भर्ना एवम् पठनपाठन लगायतका कार्यमा पर्न गएको क्षतिलाई पूरण गर्न आवश्यक हुन्छ। यसरी शिक्षक एवम् कर्मचारीको आन्दोलनले विद्यार्थीको सिकाइ प्रणालीमा गुमेको अवसरको क्षतिपूर्ति स्वरूप विद्यालयको अनुकूलता अनुसार हिउँदे अथवा वर्षे विदाको अवधिमा पठनपाठन सञ्चालन गर्ने महासङ्घको प्रतिवद्धता समेतका आधारमा आवश्यक व्यवस्था मिलाउन सम्पूर्ण सामुदायिक विद्यालयलाई अनुरोध गरिन्छ।

शिक्षा ऐन २०२८ को दफा १६ (ङ) अन्तर्गत भएको कानूनी व्यवस्था अनुसार नेपाल शिक्षक महासङ्घबाट पेशागत हकहितका खातिर सञ्चालन गरिएको पेशागत आन्दोलनका कार्यक्रममा शिक्षक तथा विद्यालयका कर्मचारीको सहभागिताका कारण विद्यालयमा अनुपस्थिति लगायतका सवालहरूको व्यवस्थापन गर्दै शिक्षकको मनोबल उच्च राख्दै विद्यालयको प्रशासकीय प्रबन्ध मिलाउन वाञ्छनीय हुन्छ।

तसर्थ, शिक्षक र कर्मचारीहरू हाल विद्यालय फर्केर आफ्नो पेशागत दैनिकी सूचारु गरिरहेको सन्दर्भमा सबैको निरन्तर सक्रियता, उत्प्रेरित कार्य सम्पादन तथा विद्यार्थीको सिकाइ उपलब्धिमा विशेष सुधार ल्याउने शिक्षकको अठोटलाई प्रवर्धन गर्ने उद्देश्यले विशिष्ट प्रकारको समन्वय, सहकार्य र सहजीकरणको भूमिका निर्वाह गरिदिन हुन सबै स्थानीय तह, विद्यालय तथा सरोकारवाला वर्गलाई मन्त्रालय विशेष अनुरोध गर्दछ।

..........................
शिवकुमार सापकोटा
प्रवक्ता एवम् सहसचिव

फोन नं.:
वेबसाइट: www.moest.gov.np